आज मिति २०८१ साल भाद्र २७ गते विहिबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ३४ (चौतिसौं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

## उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. प्रमुख प्रशासकीय अधिकृत: श्री शेष कान्त पौडेल

४. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

५. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

६. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

७. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

८. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

९. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

१०. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

११. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

१२. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१३. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१४. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१५. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१६. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१७. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१८. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१९. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

२०. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२१. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२२. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२०८१/०८२, च.नं २०५, मिति २०८१/०५/२४ गते र नगरपालिका ११ नम्बर वडा कार्यालयको प.सं. २०८१/०८२, च.नं. १३९ मिति २०८१/०५/२३ गते पत्रबाट समेत व्यहोरा अवगत भएको हुँदा नमोबुद्ध विकास समिति गठन र आवश्यक नीति/कानून निर्माणका लागि बागमती प्रदेश सरकार लगायतका सम्बन्धित निकायमा सिफारिस साथ अनुरोध गर्ने।

निर्णय नम्बर ३:

यस नमोबुद्ध नगरपालिका एवं विश्वका विभिन्न देशका नगरपालिकाहरु, अन्तर्राष्ट्रिय नियोगहरु, विकासका संवाहकहरु (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न संघ संस्थाहरु)सँग सम्बन्धमा स्थापित गर्दै सिङ्गो नगरपालिकाको विकास तथा सम्वृद्धिमा टेवा पुर्याउनका लागि नगरको तर्फबाट औपचारिक कामकाजहरु संचालनका लागि नगर प्रमुखज्यूको अध्यक्षतामा प्रमुखले नै तोकेका सदस्यहरु रहने गरी अन्तराष्ट्रिय सम्बन्धमा समन्वय समिति (International Relation Coordination Committee (IRCC) गठन गर्ने।

निर्णय नम्बर ४:

काभ्रेपलाञ्चोक जिल्ला स्थित काभ्रेपलाञ्चोक जिल्ला स्थित नमोबुद्ध नगरपालिका र अष्ट्रेलियाको भिक्टोरिया राज्यको हुमे सिटी काउन्सिल बीच भगिनी सम्बन्ध कायम गर्ने विषयमा विभिन्न चरणमा तहाँका प्रतिनिधि र नगरपालिकाका प्रतिनिधि बीच भौतिक तथा अनलाइन माध्यमबाट छलफल भईरहेको हुँदा सो सम्बन्धमा थप छलफल गर्न तथा अष्ट्रेलियाको मेलवोर्नमा रहेको Himalayan Outreach International को आयोजनामा अष्ट्रेलियाको मेलवोर्नमा हुने Innovation for Sustainable Development नामक कार्यक्रममा सहभागीहरु नगर प्रमुखज्यू लगायतका प्रतिनिधि मण्डललाई निमन्त्रणा प्राप्त भएकोले नगर प्रमुखज्यू र उहाँले तोकेको प्रतिनिधि मण्डलले सो कार्यक्रममा सहभागी हुने र सहभागिताको लागि सहमति प्रदान गर्न सम्बन्धित निकाय श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने।

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।
२. अनुगमन समितिको प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा।
३. आर्थिक वर्ष २०८१/०८२ को लागि दोश्रो नगर सभाको पाँचौं अधिवेशनबाट स्वीकृत वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन गर्ने सम्बन्धमा।
४. सडक/बाटोहरुको सरसफाई सम्बन्धमा।
५. विपद् व्यवस्थापनको लागि पुर्व तयारी तथा न्यूनीकरण गर्ने सम्बन्धमा।
६. सबै वडा कार्यालयको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक समिक्षा सम्बन्धमा।
७. शिक्षासँग सम्बन्धित विविध विषयहरुका सम्बन्धमा।
८. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. नमोबुद्ध विकास समिति गठन सम्बन्धमा।
३. अन्तराष्ट्रिय सम्बन्ध समन्वय समिति गठन गर्ने सम्बन्धमा।
४. भ्रमण सम्बन्धमा।
५. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो र कार्यान्वयन हुन बाँकी निर्णय कार्यान्वयन गर्दै अगाडी बढाउने निर्णय गरियो।

निर्णय नम्बर २:

काभ्रेपलान्चोक जिल्लाको नमोबुद्ध नगरपालिका वडा नम्बर १ र ११ मा अवस्थित धार्मिक, एतिहासिक, पुरातात्विक, पर्यटकीय, साँस्कृतिक एवं वातावरणीय महत्व बोकेको विश्व प्रसिद्ध तथा प्राचिन श्री नमोबुद्ध चैत्य क्षेत्रलाई थप व्यवस्थित गर्दै वहुपक्षीय विकास गर्नका लागि सो क्षेत्रसँग सम्बन्धित धार्मिक, सामाजिक, वुद्धिजीवि व्यक्तित्वहरु समेटी वृहत रुपमा नमोबुद्ध विकास समिति बनाउन आवश्यक र सो क्षेत्रका स्थानीयवासीवासीहरु समेतको माग रहेकोले नमोबुद्ध नगरपालिकाको पहिचानको रुपमा रहेको नमोबुद्ध क्षेत्रलाई व्यवस्थित रुपमा विकासित गर्दै नगरपालिका र प्रदेश कै पहिचानको रुपमा स्थापित गर्नका लागि हाल विद्यामान रहेका सम्पूर्ण समिति, गुठीहरुलाई एकीकृत गरी सबैको प्रतिनिधित्व हुने गरी नमोबुद्ध विकास समिति गठन गर्न सो सम्बन्धमा नमोबुद्ध नगरपालिका ०१ नम्बर वडा कार्यालयको प.सं.